आर्थिक अभियान दैनिक पत्रिकामा मिति २०७९।०९।०३ मा प्रकाशित

# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.

**प्रधान कार्यालय** : बुटवल - १०, रुपन्देही

## नायव प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७९/०९/०३)**

**विज्ञापन नं : ०१/०७९/८०**

**पद संख्या : २ (दुई )**

यस संस्थामा रिक्त रहेको **नायव प्रमुख कार्यकारी अधिकृत** पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको न्यूनतम शैक्षिक योग्यता र अनुभव प्राप्त गरेका इच्छुक योग्य नेपाली नागरिकहरुवाट मिति २०७९/१०/०२ गते कार्यालय समयभित्र संस्थाको प्रधान कार्यालय, बुटवल वा शाखा कार्यालय, बुढानिलकण्ठ, काठमाडौमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. न्यूनतम शैक्षिक योग्यता र अनुभव:**

(क) मान्यता प्राप्त शिक्षण संस्थावाट चार्टर्ड एकाउण्टेन्सी वा व्यवस्थापन, मौद्रिक, बैकिङ्ग, वित्तीय, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, कानून बिषयमा कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको ।

(ख) नेपाल सरकार वा कुनै बैक तथा वित्तीय संस्थाको अधिकृत तह वा सो भन्दा माथिको पदमा कम्तीमा ५ वर्षको कार्य अनुभव भएको ।

(ग) उमेरको हद दरखास्त दिने अन्तिम मितिसम्म ३५ वर्ष पुरा भई ५८ बर्ष ननाघेको हुनुपर्ने ।

**२. दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु:**

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data)।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभवको स्वयले प्रमाणित गरेका प्रतिलिपिहरु ।

(ग) उम्मेदवारले आफ्नो दरखास्तसाथ ४,००० (चार हजार) शब्दमा नबढ्ने गरी "नेपालमा लघुवित्तको वर्तमान अवस्था, चुनौती र समस्या समाधानका उपायका सन्दर्भमा ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. को आगामी कार्यदिशा" विषयक लेख लाहाछाप सहितको शिलबन्दी खाममा पेश गर्नु पर्नेछ ।

(घ) विदेशी शैक्षिक संस्थाहरुबाट प्राप्त शैक्षिक योग्यताका हकमा त्रिभुवन विश्वविद्यालयको समकक्ष मान्यता प्रमाणपत्रको प्रतिलिपी ।

(ङ) दरखास्त साथ स्व:घोषणा फारम पेश गर्नु पर्नेछ ।

(च) दरखास्त दस्तुर वापत रु. २,०००।- (अक्षरेपी दुई हजार मात्र) सिटिजन्स बैक इन्टरनेशनल लि. शाखा कार्यालय बुटवलमा रहेको यस संस्थाको खाता नं ०१२०१००००३२३२०१ मा बुझाई सोको सक्कल भौचर ।

**३. छनौट प्रकिया :**

(क) उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र पेश भएको लेखको मूल्यांकनको आधारमा उम्मेदवारहरुको संक्षिप्त सूची (Short Listing) प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ ।

(ख) अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले आफनो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्त साथ पेश गरेका अन्य कागजातहरुको सक्कल प्रति सहित उपस्थित हुनु पर्ने छ । साथै, दरखास्तसाथ पेश गरेको लेखको आधारमा करिव ३० मिनेटको प्रस्तुतीकरण (Presentation) गर्नुपर्नेछ ।

**४. पारिश्रमिक:**

नायव प्रमुख कार्यकारी अधिकृतलाई करारमा उल्लेख भएको शर्तहरुको आधारमा मासिक तलव र भत्ता रु.९३,१००।- (अक्षरेपी त्रियानब्बे हजार एक सय मात्र) र अन्य सुविधा करारमा उल्लेख भए बमोजिम हुनेछ ।

**५. अन्य विवरण :**

(क) दरखास्त फारम र आवश्यक कागजातहरु संस्थाको प्रधान कार्यालय, बुटवल वा शाखा कार्यालय, बुढानिलकण्ठ, काठमाडौमा पेश गर्नु पर्नेछ ।

(ख) नायव प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धी विवरण संस्थाको Website: www.gblbs.com.np मा राखिएको छ ।

(ग) यस सम्बन्धी थप जानकारीका लागि संस्थाको प्रधान कार्यालय, बुटवलको फोन नं. ०७१-४३८९५४ मा सम्पर्क गर्न सकिनेछ ।

**पदपूर्ति समिति**

**ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.**

**प्रधान कार्यालय, बुटवल, रुपन्देही**